च.नं.:- १४-०७४/७५

प्रयास
Nepal Agricultural Services Development Programme

Programme Support Unit
Chakupat, Lalitpur, G.P.O. Box 688, Kathmandu, Nepal
Phone ++977 1 5260939, 5260276
Email: nasdp.np@helvetas.org; https://nepal.helvetas.org

मिति: १५/११/२०७४

श्रीमान प्रमुख प्रशासकीय अधिकृतज्यू
भगवतिमाई गाउँपालिकाको कार्यालय, दैलेख

**बिषय: क्लष्टर स्तरीय क्षमता अभिबृद्धि तालिममा सहभागी गराई दिने बारे ।**

उपर्युक्त सम्बन्धमा नेपाल कृषि सेवा विकास कार्यक्रम (प्रयास)/हेल्भेटास स्विस इन्टरकोअपरेशन नेपाल, क्लष्टर अफिस दैलेखको आयोजनामा पश्चिम क्लष्टर अन्तर्गतका दैलेख, कालीकोट र अछाम जिल्लाका प्रयास/हेल्भेटास नेपालसँग साझेदारीमा काम गरेका गाउँ तथा नगरपालिकामा कार्यरत अधिकृत, प्रा.स./ना.प्रा.स.हरुको (कृषि तथा पशु सम्बन्धि मात्र) लागि अनुगमन, मुल्याङ्कन, वार्षिक कार्य योजनाहरुको कार्यन्वयन, विकेन्द्रित तथा बहुपक्षीय कृषि प्रसार पद्धति सम्बन्धि ३ दिने क्षमता अभिवृद्धि तालिम तपसिलको मिति, समय र स्थानमा सञ्चालन गरिने हुदा त्यस नगरपालिकामा कार्यरत माथि उल्लेखित कर्मचारीहरुलाइ एक दिन अगावै उक्त तालिममा भाग लिन पठाई सहयोग गरिदिनु हुन अनुरोध गर्दछु ।

__तपसिल :__

| | | |
|---|---|---|
| तालिम मिति | : | फाल्गुण २५-२७ गते २०७४ |
| समय | : | विहानको ठिक ८ बजे । |
| स्थान | : | होटल डि–नमस्ते, सुर्खेत (घण्टाघर नजिकै) । सम्पर्क न: ९८५८०५६७०२ रेशम भण्डारी वा ०८३-५२१५५५ |

**नोट:**

१. तालिमलाई प्रभावकारी वनाउनको लागि तालिम अवधिभर सहभागीहरु होटलमै वस्नु पर्ने छ (सहभागीहरुको खाने र वस्ने व्यवस्था सबै प्रयास/हेल्भेटास नेपालले व्यहोर्ने छ), यदि वाहिर बसेमा उक्त खर्च संस्थाले व्यहोर्ने छैन ।

२. आउदा जादा सार्वजनिक यातयात प्रयोग गरेको खर्च मात्र प्रयास/हेल्भेटास नेपालले व्यहोर्ने छ (टिकट अनिवार्य उपलब्ध गराउनु पर्ने छ) ।

३. आउने जाने दैनिक भ्रमण भत्ता वढिमा ३.५ दिन (आउदा २ दिन र फर्कदा १.५ दिन -फर्कने दिनको ०.५ दिन मात्र) प्रयास/हेल्भेटास नेपालको आर्थिक नियम अनुसार उपलब्ध गराइने छ ।

४. अन्य केही भएमा क्लष्टर कार्यालय दैलेखको फोन नं. ०८९-४२०६२६ मा सम्पर्क राख्नु हुन अनुरोध छ ।

पद्मकिरण राना
क्लष्टर कोर्डिनेटर, दैलेख

प्रयास
Nepal Agricultural Services Development Programme

Nepal Agricultural Services Development Programme is a bilateral Programme of the Government of Nepal and the Government of Switzerland.
HELVETAS Swiss Intercooperation Nepal is the implementing agency.

Scanned by CamScanner